# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ८ संख्या : २६ मितिः २१ असार २०८२ साल(अतिरिक्ताङ्क)


भाग-२

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ लाई संशोधन गर्न बनेका कार्यविधि

सम्वत् २०८२ सालको कार्यविधि नं.२६

**प्रस्तावना** : नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८२" रहने छ ।

**२. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ दफा ६ हटाइएको छ ।**

**३. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ दफा ७ मा संशोधन :**

नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ दफा ७ मा भएको व्यवस्था हटाई देहायको व्यवस्था कायम गरिएको छ ।

"७. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुविधा प्राप्त गर्न देहाय बमोजिम तोकिएको छ ।

(१) बागमती नगरपालिकाको आन्तरिक स्रोतबाट प्रत्यक सुत्केरी महिलालाई सुत्केरी स्याहार प्रोत्साहन रकम छोरा पाउनेलाई रु ३,०००/-(तिन हजार) र छोरी पाउनेलाई रु.५,०००/-(पाँच हजार ) उपलब्ध गराउने छ ।

(२) नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१ दफा २ को खण्ड 'ङ' को उपखण्ड 'अ' ले तोके बमोजिम प्रकृया पुरा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।"

प्रमाणिकरण मिति : २०८२/०३/२१

आज्ञाले
प्रतीत भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
बागमती नगरपालिका

# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्या : २६ मिति : ०६ फाल्गुन २०८१ साल

भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर सभाले निम्न लेखिए बमोजिमको - नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०८१) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८१ सालको कार्यविधि नं.२६

# नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यबिधि,२०८१

नगर सभाबाट पारित : २०८१/११/०५

प्रस्तावनाः-

नेपालको संबिधान २०७२ ले स्वास्थ्य सेवालाइ मौलिक हकको रुपमा स्थापित गरेको छ।नागरिकको अधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउने अधिकारलाइ वर्तमान संबिधानले प्रत्याभुत गरेको छ ।नेपाल सरकारले आ.व. २०६५/०६६ देखि लागु हुने गरि उच्च रहेको नवजात शिशु तथा मातृ मृत्यु दरलाइ घटाउने उदेश्यका साथ निशुल्क रुपमा प्रसूति सेवा उपलब्ध गराउदै आएको छ । मातृ तथा शिशु मृत्युदर घटाउनुको साथै उच्चतम मानसिक,शारिरिक वृद्धि गर्नको लागि सुरक्षित मातृत्व स्याहार गर्न अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि गर्न जरुरी भएकोले मातृ तथा शिशु मृत्युदर कम गर्ने,गुणस्तरिय स्वास्थ्य सेवा वढाउन स्वास्थ्य आमा शिशु र बालबालिकाको स्वास्थ्यमा सुधार पुर्याई स्वस्थ्य समाज निर्माण गर्ने,साथै नेपालको संबिधान बमोजिम अधाभूत स्वास्थ्य सेवा पाउने जनताको संबैधानिक अधिकार स्थापित गर्नको लागि समन्वयमा आधारित **बागमती** दिगोबिकास र समृद्धि हाम्रो अभियान भन्ने बागमती नगरपालिकाको अबधारणालाई सफल कार्यान्वन गर्न नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०८१ बागमती नगरपालिका नगरकार्यपालिकाको मिति २०८१/११/०५ गतेको नगर सभाको निर्णयानुसार पारित गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **यस कार्यबिधिको नामः** १. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०८१ रहेको छ यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अन्य अर्थ नलागेमा यस कार्यबिधिः-

क) नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०८१ भन्नाले बागमती नगरपालिकाबाट महिला र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउनको लागि संचालन गरिएको कार्यबिधिलाइ सम्झनु पर्छ ।

ख) लक्षित वर्ग भन्नाले बागमती नगरपालिकामा स्थायी ठेगाना भएको गर्भबति भए देखि सुत्केरी भएको ४५ दिन भित्रको आमा र बच्चा सम्झनु पर्छ ।

ग) सूत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम भन्नाले बागमती नगरपालिका भित्र स्थायी बसोबास भइ सूत्केरी भएका महिलालाई आमा र बच्चाको पोषण स्थितिमा स्वास्थ्य सुधार गर्नको लागि नगरपालिकाले ल्याएको महिला र वालवालिका कार्यक्रम हो ।

घ) नगरपालिका भन्नाले बागमती नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ

ङ) प्रोटोकल भन्नाले गर्भवति आमा र वच्चाहरुलाइ स्वस्थ्य र स्वास्थ्य सेवा उपभोग गर्न तपसिल अनुसारको कार्यलाइ सम्झनु पर्छ ।

(अ) अनिवार्य रुपमा चार पटक गर्भवती जाँच गरेको हुनुपर्नेछ ।

(आ) टि.डी खोप लगाउनु पर्नेछ ।

(इ) आइरन चक्की गर्भवती सुरुभएको चार महिना देखि प्रसूति भएको ४५ दिन सम्म नियमितखानुपर्नेछ।

(ई) बच्चा जन्मेको २४ घण्टा भित्र,३ दिन, ७-१४ दिनमा र ४२ दिनमा स्वास्थ्य संस्थामा खोप क्लिनिकमा तथा गाँउघर क्लिनिकमा सूत्केरी र नवशिशुको जँच गर्नु पर्नेछ ।

३. **नवजात शिशु र आमा सुरक्षा कार्यक्रम ल्याउनुको मुख्य उदेश्यः** आमा र बच्चालाई गुणस्तरीय स्वास्थ्य सेवा दिनु,असल पारिवारिक वतावरणमा पोषणयुक्त खाद्यवस्तु उपभोग गर्नु,स्वस्थ्य खानेपानी,सरसफाइ,पोषण गुणस्तरिय स्वास्थ्य सेवा उपभोग गर्नु,सुरक्षित प्रसूति सेवा लिनु ,आमा र शिशुको मृत्युदरमा कमी ल्याउनु महिला र वालवालिका मैत्री सेवा विस्तार गर्नु निरोगी सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु जस्ता कार्यहरु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## <u>परिच्छेदः</u> २

## कार्यान्वयन कार्यबिधि

४. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम आर्थिक वर्ष २०८१ /२०८२ देखि लागु हुनेछ ।

५. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम बागमती नगरपालिकाको १-१२ वडामा एकैसाथ लागु हुनेछ

६. नवजात शिशु र आमा सुरक्षा कार्यक्रम प्राप्त गर्नलाइ प्रत्येक गर्भवति आमाले प्रोटोकल अनुसार र नवजात शिशु र आमा सुरक्षा कार्यक्रम संचालन कार्यबिधि अनुसार नियम पुगेमा रकम उपलब्ध गराइनेछ। नियम पुरा नभए रकम उपलब्ध गराउन सकिने छैन ।

७. नगरपालिकाको स्रोतबाट प्रत्येक महिलालाई सूत्केरी स्याहार प्रोत्साहन रकम वापत छोरा पाउनेलाई रु ३०००/- (तिन हजार ) र छोरी पाउनेलाई रु ५०००/- (पाच हजार ) उपलब्ध गराइनेछ -protocol अनुसार ८ पटक गर्भजाँचमा गरेको हुनु पर्ने ।
सूत्केरी स्याहार प्रोत्साहन रकम प्राप्त गर्न बागमती नगरपालिका अन्तर्गत रहेकको बर्थीङ्ग सेन्टरमा सुत्केरी गराए वापत मात्र प्राप्त गर्न सकिनेछ । यदि उक्त बर्थीङ्ग सेन्टर सुत्केरी नगराएमा अन्यत्र लानु पर्ने स्थिति रहेमा सो बर्थीङ्ग सेन्टरबाट रेफर पुर्जा लिएर जानु वा सुचिकृत स्वास्थ्य संस्थामा सुत्केरी गराएमा यो सेवा उपऌउपलब्ध गराईने छ ।

८. सो रकम प्राप्त गर्नका लागि प्रोटोकल अनुसार गर्भजाँच ,बर्थिङ्ग सेन्टरबाट प्रसूति सेवा लिएको,सूत्केरी भएको २४ घण्टा भित्र,३ दिन, ७-१४ दिनमा र ४२ दिनमा उत्तर प्रसूति सेवा लिएको र बच्चा जन्मेको ३५ दिन भित्रमा जन्म दर्ता गराएको हुनुपर्ने छ ।वच्चालाई खोप लगाएको खोपकार्ड पेश गरेको हुनु पर्नेछ ।

९.माथि (८ न.मा) जे सुकै लेखेको भए ता पनि स्थायी बसोवास भएको प्रमाण (नागरिकताको प्रमाण पत्र वा विवाह दर्ता वा वडाको सिफारसि वा अन्य प्रमाण) र प्रोटोकल अनुसार गर्भजाँच ,बर्थिङ्ग सेन्टरमा प्रसूति र पि.एन.सि गरेको भएमा पनि उक्त रकम पाउने छ )

१०.प्रसूति सेवा स्वास्थ्य संस्थाबाट लिदा बच्चा पहिलै पेट भित्र मरेको वा जन्मीसके पछि मरेमा उक्त भत्ता उपलब्ध गराउनबाट बन्चित गरिने छैन ।

११.प्रसूति सेवा सूचिकृत संस्थाबाट सेवा लिइ आमाको मृत्यु भएमा सूत्केरी स्याहार प्रोत्साहन भत्ताको पालनपोषण गर्ने ब्यक्तिलाईसमेत प्रदान गरिनेछ ।

१२. सामाजिक आर्थिक भौगोलिक रुपमा टाढा भइ स्वास्थ्य चेतनाको अभाव अर्थात जानकारी नभइ स्वास्थ्य सेवाको पहुँचबाट टाँढा र सामाजिक रुपमा बिभेदमा पारिएका महिलाहरुले घरैमा प्रसूति भएमा प्रसूति जाँच ,बच्चालाइ खोप र ३५ दिन भित्रमा बच्चाको जन्मदर्ता बागमती नगरपालिको स्थायी बासिन्दा भए पनि प्रसूति स्यहार प्रोत्साहन भत्ता पाउने छैन ।

१३. घरमा सुत्केरी भएमा वा गरएमा यो सेवा सुबिधाबाट बन्चित गराईने छ |

१४. यदि अकाष्मात घरैमा सुत्केरी भएमा तुरुन्तै प्रसुती केन्द्रमा लागेमा यो सेवा सुबिधाबाट बन्चित गरिने छैन (१ घण्टा भित्र ) |

बिबिध : यस कार्यविधिमा थप प्रष्ट गर्नु पर्ने अबस्थामा कार्यपालिकाले गर्न सकिने छ |

प्रमाणीकरण मिति : २०८१/११/५

आज्ञाले
श्री प्रतीत भण्डारी
नि प्रमुख प्रशासकीय अधिकृत